लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

पत्र संख्या: २०८१/०८२
~~चलानी~~ नम्बर: सूचना ९८

लुम्बिनी प्रदेश, नेपाल ।

## सेवा करारमा सिभिल इन्जिनियर पदपुर्ती गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/११/०८

यस लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको मिति २०८१/०८/०६ गतेको गाउँ कार्यपालिकाको निर्णय बमोजिम लुङ्ग्री गाउँपालिका बडाचौर रोल्पाका लागि तपशिल बमोजिमको तहमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा माग बमोजिमका कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ११/२०८१/०८२ | इन्जिनियर, सिभिल (जनरल) | अधिकृत छैठौं | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**
   क) मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineer मा स्नातक उत्तीर्ण गरेको वा लोक सेवा आयोगका लागि Civil Engineer पदमा योग्यता पुगेको।
   ख) दरखास्त दिने अन्तिम मितिमा उमेर २१ बर्ष पुरा भई ३५ वर्ष ननाघेको।
   ग) स्थानीय तहमा कम्तीमा १ वर्ष कार्य अनुभव भएको।
   घ) नेपाल इन्जिनियरिङ्ग परिषदमा अनिवार्य दर्ता भएको।
   ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

२. **दरखास्त दिने स्थान र माध्यम:** लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय, बडाचौर, रोल्पामा सिधै वा lungrimun@gmail.com मार्फत।

३. **दरखास्त दिने अन्तिम मिति:** मिति २०८१/११/१७ सम्म। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट सम्म कार्यालय समय भित्र दरखास्त दिन सकिने छ।

४. **दरखास्त दस्तुर:** रु १०००/- (एक हजार रुपैयाँ) (नेपाल बैंक लिमिटेट लुङ्ग्री शाखामा रहेको आन्तरिक राजश्व खाता नं २६६०३००००१००१००००१ मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ।

५. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** उम्मेद्वार स्वयम्ले प्रमाणित गरेको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपी, २ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

६. **सेवा शर्त र सुविधा:** स्थानीय तहको छैठौं वा सो सरहको पारिश्रमिक तथा अन्य शर्त करार सम्झौता बमोजिम।

७. **परिक्षाको किसिम:** छोटो सूची, लिखित र अन्तर्वार्ता।

८. **पाठ्यक्रम:** इन्जिनियर (अधिकृत छैठौं) का लागि लुङ्ग्री गाउँपालिकाले निर्धारण गरेको पाठ्यक्रम नै लागु हुनेछ।

९. **परिक्षा हुने स्थान, समय र मिति, दरखास्त फाराम र मापदण्ड, पाठ्यक्रम, दरखास्त स्वीकृत नामावली, लिखित परिक्षा तथा अन्तर्वार्ता सम्बन्धि सूचना** कार्यालयको वेबसाइट www.lungrimun.gov.np मा प्रकाशित गरिनेछ।

१०. थप जानकारीका लागि सम्पर्क: ९८६४९५६४७२, ९८६७८२७५०६

लेपेन्द्र बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत